# इजाजतपत्रप्राप्त मनिचेञ्जरका सञ्चालक/कर्मचारीहरुसँग वीरगञ्जमा १ दिने अन्तरक्रिया कार्यक्रम

गैर-बैंक वित्तीय संस्था सुपरिवेक्षण विभागद्वारा मिति २०८० पुस ११ गते नेपाल राष्ट्र बैंक, वीरगञ्ज कार्यालयको समेत सहभागितामा विदेशी विनिमय कारोवार गर्न इजाजतपत्रप्राप्त मनिचेञ्जर कम्पनीका सञ्चालक/कर्मचारीहरुहरुसँग बैंकलाई गर्नुपर्ने रिपोर्टिङ्ग, सम्पत्ति शुद्धीकरण तथा आतंकवादी क्रियाकलापमा लगानी लगायतका समसामयिक विषयमा १ दिने अन्तरक्रिया कार्यक्रम होटल भिस्वा प्रा.लि. वीरगञ्जमा आयोजना गरियो ।

उक्त अन्तरक्रिया कार्यक्रममा यस विभागका उप-निर्देशक सचिनराज पियाले *"विदेशी विनिमय कारोवार गर्न इजाजतपत्रप्राप्त मनिचेञ्जर कम्पनीका सञ्चालक/कर्मचारीहरुहरुसँग विद्यमान व्यवस्था, सम्पत्ति शुद्धीकरण तथा आतंकवादी क्रियाकलापमा लगानी लगायतका समसामयिक विषय"* र सहायक निर्देशक सफल श्रेष्ठले बैंकबाट इजाजतपत्रप्राप्त मनिचेञ्जरले *"FXOL System मा Online Reporting सम्बन्धी"* विषयमा वार्ता प्रस्तुत गर्नुभएको थियो ।

नेपाल राष्ट्र बैंक, वीरगञ्ज कार्यालयका निर्देशक अजित रेग्मीले कार्यक्रमलाई सम्बोधन गर्दै सीमामा रहेको भारतीय रुपैंया सटहीको समस्या अवगत गराउँदै मनिचेञ्जर कम्पनीहरुको निरीक्षणको क्रममा प्राप्त कैफियतहरुको बारेमा प्रकाश पार्दै मनिचेञ्जर कम्पनीहरुलाई बैंकको विद्यमान नीतिगत व्यवस्थाबमोजिम विदेशी मुद्रा कारोवार गर्न निर्देशन दिनुभयो । उहाँले नेपाल राष्ट्र बैंकलाई गर्नुपर्ने अनलाइन रिपोर्टिङ्गका सम्बन्धमा कुनै किसिमको समस्या भएमा नेपाल राष्ट्र बैंक वीरगञ्ज कार्यालयमा सम्पर्क राखी जानकारी लिनुहुन समेत निर्देशन दिनुभएको थियो ।



कार्यक्रमको अन्त्यमा, सभाको अध्यक्षता गरिरहनुभएका गैर-बैंक वित्तीय संस्था सुपरिवेक्षण विभागका कार्यकारी निर्देशक रामबहादुर मानन्धरले सहभागीहरु सबैमा धन्यवाद ज्ञापन गर्दै नेपाल राष्ट्र बैंकले समय समयमा जारी गरेका परिपत्र तथा नीति नियमहरुको अधीनमा रही मनिचेञ्जर व्यवसाय सञ्चालन गर्न निर्देशन दिनुभयो । बैंकको नीतिगत व्यवस्थाबमोजिम नगदमा हुने कारोवारलाई क्रमशः कम गर्दै लगि भुक्तानी प्रणालीमा नयाँ प्रविधि र अभ्यासलाई बढावा दिन प्रणालीभित्र रही कार्य सम्पादन गर्ने सबैले आ-आफ्नो क्षेत्रबाट भुमिका खेल्नुपर्ने विषयमा जोड दिनुभयो । कार्यक्रममा वीरगञ्ज कार्यालयका अधिकृत तथा कर्मचारीहरुको समेत सक्रिय सहभागिता रहेको थियो ।